म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १२, | अंक २३९ | बुधबार २९ चैत २०७९ | ने. सं. ११४३ चौलागा | 12 April 2023 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मामाघरमा उद्योग वाणिज्य दिवस मनाइयो

हेटौंडा, २८ चैत/मकवानपुर उद्योग वाणिज्य संघले मंगलबार उद्योग वाणिज्य दिवस-२०७९ सहयोगी हात बनेर मनाएको छ । हेटौंडा उपमहानगरपालिका-११ स्थित, पूर्वसडक बालबालिकालाई आश्रय दिइरहेको मामाघर नेपालमा आश्रित बालबालिकाको लागि खाद्यान्न वितरण गरेर उद्योग वाणिज्य दिवस मनाइएको छ । संघका उपाध्यक्ष राजु अधिकारीको नेतृत्वमा खाद्यान्न वितरण कार्यक्रम गरिएको थियो । उपाध्यक्ष अधिकारीले संघको तर्फबाट चामल, पिठो, तेल, दाल र नुन सहयोग गरिएको बताए । कार्यक्रममा संघका सचिव राजाराम कार्की, कार्यसमिति सदस्य दिवस पराजुली, कार्यकारी सचिव पवन कार्कीलगायतको उपस्थिति रहेको थियो । मामाघर नेपालका स्वयमसेविका आइशा राईले हाल मामाघर नेपालमा ५ वर्षदेखि १६ वर्षसम्मका १६ जना सडक जीवन जिउन बाध्य भएका र आश्रयविहीन हुनपुगेका बालबालिकालाई संरक्षण गरिरहेको बताएकी छन् । कार्यक्रममा उपाध्यक्ष अधिकारीले आफ्नो व्यक्तिगत तर्फबाट २०८० सालभर मामाघर नेपालमा आश्रित बालबालिकाको लागि आवश्यक संख्यामा दैनिक अण्डा सहयोग गर्ने वचनवद्धता व्यक्त गरेका छन् । अधिकारीले आवश्यक थप सहयोग पनि गर्ने विश्वास दिलाए ।

# फुर्सदिला मुख्यमन्त्री, पसल उद्घाटन र पूजामा लस्कर



साझाकुरा संवाददाता

हेटौंडा, २७ चैत/ बागमतीका मुख्यमन्त्री शालिकराम जम्कट्टेलसहित तीन जना मन्त्रीहरु सोमबार हेटौंडास्थित एक पसल उद्घाटनमा देखिए । बागमती प्रदेशका मुख्यमन्त्रीदेखि मन्त्रीहरु यतिबेला धेरै फुर्सदिला जस्तो देखिन्छन् । सामान्य पसल उद्घाटनदेखि पूजाहरुमा पनि मुख्यमन्त्री र मन्त्रीहरुको लावालस्कर लाग्ने गरेको पाइएको छ ।

अस्थिर राजनीतिले मुलुक नै अस्तव्यस्त बनिरहेको बेला प्रदेशका शासकहरुको फुर्सद समय व्यापारी-व्यवसायीदेखि कार्यकर्ताका लागि फाइदा बनिरहेको छ । तर, मुख्यमन्त्रीदेखि मन्त्रीहरुको फुर्सद समय प्रदेश सरकारका लागि महंगो सावित भइरहेको छ । चालू आर्थिक वर्ष २०७९/८० मा विकास बजेट खर्च इतिहासकै कमजोर देखिँदा मुख्यमन्त्री र मन्त्रीहरु पसल उद्घाटनदेखि कार्यकर्ताको घरमा लगाइएको पूजामा व्यस्त छन् ।

हेटौंडा-११ थानाभन्ज्याङमा हजुरलाई नमस्ते ट्रेड लिंक प्रालिद्वारा सञ्चालित हार्डवयेर पसल उद्घाटन मुख्यमन्त्री जम्कट्टेलले गरे । यस प्रकारका हार्डवेयर हेटौंडामा दर्जनौं छन् । तर, एउटा सामान्य हार्डवेयर पसल उद्घाटनमा मुख्यमन्त्री मात्र नभई ३ जना मन्त्रीहरु देखिनु यस प्रकारको दृष्य देख्नेहरुका लागि आश्चर्यको विषय बनेको छ । नमस्ते ट्रेड लिंक काठमाडौंको शाखाको रुपमा सञ्चालन भएको हो । पसल उद्घाटनमा मुख्यमन्त्री जम्कट्टेलसहित नवनियुक्त आर्थिक मामिला तथा योजना मन्त्री बहादुरसिं लामा र भौतिक पूर्वाधार विकास मन्त्री युवराज दुलाल पनि थिए । विश्वासको मत लिएको १६ दिनपछि लामा मन्त्री नियुक्त भएका थिए ।

प्रदेशमा भागबण्डा मिलाउन नसक्दा पाँचवटा मन्त्रालय आफ्नै काँधमा बोकेर हिँडिरहेका मुख्यमन्त्री जम्कट्टेलले सरकार विस्तार कहिले गर्छन् ? भन्ने अनिश्चित छ । उनै जम्कट्टेल तीन दिनअघि बकैया-४, स्थित एक कार्यकर्ताको घरमा लगाएको पूजामा पुगेका थिए । गत १० चैतमा मुख्यमन्त्री जम्कट्टेलले प्रदेशसभामा दोस्रो पटक विश्वासको मत लिएपछि प्रदेशसभा बैठक अनिश्चितकालको लागि स्थगित गरिएको छ । सरकारले बिजनेस दिन नसक्दा प्रदेशसभा बैठक अनिश्चितकालका लागि स्थगित भएको हो । प्रदेशसभा बैठक नहुँदा प्रदेश सांसदहरुसँगै प्रदेश सरकारका मुख्यमन्त्रीसहित मन्त्रीहरुसमेत फुर्सदिला बनेका हुन् ।

पसलको उद्घाटन कार्यक्रममा उनीहरुसँगै माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलका सचेतक तथा निवर्तमान युवा तथा खेलकुद मन्त्री रत्नप्रसाद ढकाल, मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डे, प्रहरी प्रमुख एसपी बामदेव गौतमसमेत पुगेका थिए । मन्त्रीहरु पसलको उद्घाटन गर्न लस्कर नै लागेर पुग्ने गरेको देखेपछि स्थानीय विनोद सापकोटाले आफ्नो खेतबारी बाँझै रहेको भन्दै व्यंग्य गरे । संघीयता र प्रदेश संरचनामाथि आमजनमासनमा बढ्दो ब्ययभारलाई बढावा दिने गरी जिम्मेवार नेताहरु नै लागेको भन्दै आलोचना सुरु भएको छ ।

नमस्ते ट्रेड लिंकका प्रबन्धक निर्देशक ताराबहादुर कुँवरको आग्रहमा मुख्यमन्त्रीसँगै मन्त्रीहरु लस्कर लागेर पसल उद्घाटनमा पुगेको समाचार स्रोतको दाबी छ । कुँवर र मुख्यमन्त्री जम्कट्टेलको सम्बन्ध लामो समयदेखि रहेको पाइएको छ । पसल उद्घाटनलाई सम्बोधन गर्दै जम्कट्टेलले व्यवसायी कुँवरको खुलेर प्रशंसा गरे । कुँवर सँग ८-१० वर्षपछि भेट भएको उनको भनाई छ । मुलुकको आर्थिक गतिविधि र रोजगारी सृजनामा कुँवर लागिरहेको जम्कट्टेलले बताए । उनले संघर्ष गरिरहेको व्यवसायीलाई साथ दिने हार्डवेयर पसल उद्घाटनमा बताएका छन् ।

प्रदेशमा अलपत्र परेका विकासका परियोजनाहरु अनुमगन गरी निर्माण कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाउन, स्थानीय सरकारसँग समन्वय गर्न समय खर्चन पर्ने प्रदेश सरकार सामान्य काममा अलमलिएको स्थानीयले गुनासो गरेका छन् । समन्वयात्मक भूमिकालाई प्रभावकारी बनाउन सकेको खण्डमा प्रदेश सरकारको थप औचित्य पुष्टि हुने थियो ।

# मकवानपुरका ६९ खेलाडी बन्द प्रशिक्षणमा



साझाकुरा संवाददाता

हेटौंडा, २८ चैत/जिल्ला खेलकुद विकास समिति मकवानपुरले बागमती प्रदेशस्तरीय राष्ट्रपति र निङशिल्ड खेलकुद प्रतियोगितामा सहभागी हुने खेलाडीलाई बन्द प्रशिक्षणमा राखेको छ ।

३ वैशाखदेखि ५ गतेसम्म काठमाडौंमा आयोजना हुने प्रदेशस्तरीय राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगिताका लागि खेलाडीलाई बन्द प्रशिक्षणमा राखिएको हो । प्रतियोगितामा सहभागी हुन जिल्लाबाट छनोट ६ वटा खेलका खेलाडीलाई बन्द प्रशिक्षणमा राखिएको जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष भेष खड्गीले जानकारी दिए । मंगलबार जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको प्रमुख आतिथ्यतामा बन्द प्रशिक्षणमा रहेका खेलाडीहरुसँग अर्न्तक्रिया कार्यक्रम राखिएको थियो । घलानले जिल्लाको नाम राख्ने गरी प्रतियोगितामा मिहेनत गर्न खेलाडीलाई आग्रह गरे ।

खेलाडीहरुलाई आवश्यक सहयोग गर्न जिसस तयार रहेको घलानको भनाई छ । घलानले जिल्लाका स्थानीय तहलाई खेलकुदमा प्राथमिकतामा राखेर काम गर्ने गरी योजना तर्जुमा गर्न सहजीकरण गरिरहेको बताए । सम्भवत: प्रदेशस्तरीय राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगितामा सहभागी हुने खेलाडीलाई पहिलोपटक बन्द प्रशिक्षणमा राखिएको हो । प्रतियोगितामा राम्रो नतिजा ल्याउन खेलाडीलाई बन्द प्रशिक्षणमा राखिएको जिल्ला खेलकुद विकास समितिका प्रमुख माधव कोइरालाले बताए । कोइरालाका अनुसार एथ्लेटिक्स, भलिबल, कबड्डी, कराते, तेक्वान्दो र उसुका ६९ खेलाडी, १४ जना प्रशिक्षक र व्यवस्थाप गरी कुद ८३ जना राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगितामा सहभागी हुनेछन् ।

एथ्लेटिक्सका १५ जना, भलिबलका १८ जना (महिला-९ र पुरुष-९), कबड्डीका १८ जना, कराते, तेक्वान्दो र उसुका ६-६ जना खेलाडी बन्द प्रशिक्षणमा रहेका छन् । खेलाडीलाई एथ्लेटिक्सका राजाराम पाखेल, तेक्वान्दोका बिमल विक, करातेका टुकेन्द्रमान श्रेष्ठ, भलिबलका सन्तोष श्रेष्ठ, कबड्डीका सुमन नेपाली र उसुका बिमल थापामगरले प्रशिक्षण दिने कार्यालय प्रमुख कोइरालाले जानकारी दिए । सोमबारदेखि सुरु भएको बन्द प्रशिक्षण २ वैशाखसम्म सञ्चालन हुने र सोही दिन प्रतियोगिताका लागि काठमाडौं प्रस्थान गर्ने कार्यतालिका रहेको कोइरालाले जानकारी दिए । बन्द प्रशिक्षण हुप्रचौरमा र कभर्डहलमा भइरहेको छ । प्रशिक्षण बिहान र बेलुका २/२ घण्टा भइरहेको छ ।

बन्द प्रशिक्षणका लागि २ लाख ५० हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको समिति अध्यक्ष खड्गीले जानकारी दिए । खर्च व्यवस्थापनका लागि हेटौंडा उपमहानगरपालिका, थाहा नगर पालिका, बागमती गाउँपालिका, बकैया गाउँपालिका, भीमफेदी र मकवानपुरगढी गाउँपालिकाले आर्थिक सहयोग गरेको कार्यालय प्रमुख कोइरालाले जानकारी दिएका छन् ।

# उद्योग वाणिज्य महासंघको चुनाव आज, सुमार्गी र कटुवाल जित्लान ?

साझाकुरा संवाददाता

हेटौंडा, २८ चैत/नेपाल उद्योग वाणिज्य महासंघ (नेउवाम) को ५७ औं साधारणसभा तथा अधिवेशन मंगलबार काठमाडौंमा सुरु भएको छ ।

२८ गते साधारणसभा भएर आज २९ चैत बुधवार निर्वाचनको कार्यतालिका रहेको छ । महासंघका पदाधिकारीको चुनाव भने प्रज्ञा प्रतिष्ठानमा हुँदैछ । महासंघले नयाँ वर्षसँगै नयाँ कार्यसमिति बनाउनेछ । विधानत: महासंघमा ६४ जनाको कार्यसमिति हुनेछ । अहिले महासंघमा अध्यक्षबाहेकका पदमा निर्वाचन हुन लागेको छ । वरिष्ठ उपाध्यक्ष स्वत: अध्यक्ष हुने विधानको व्यवस्था रहेका कारण अहिले वरिष्ठ उपाध्यक्षको चुनाव हुँदैछ । महासंघको आगामी अध्यक्ष व्यवसायी चन्द्र ढकाल हुनेछन् । उनी हाल वरिष्ठ उपाध्यक्ष छन् । वरिष्ठ उपाध्यक्ष नै स्वत अध्यक्ष हुने विधानको व्यवस्थाले महासंघको निर्वाचनमा वरिष्ठ उपाध्यक्षको प्रतिस्पर्धा प्रतिष्ठाको रुपमा हेरिन्छ ।

महासंघको इतिहासमा पहिलोपटक तीनजना वरिष्ठ उपाध्यक्षका लागि उम्मेदवार भएका छन् । त्यसले महासंघको चुनावी माहौल निकै रोचक बनाएको छ । अहिले वरिष्ठ उपाध्यक्षका लागि उमेशलाल श्रेष्ठ, अन्जन श्रेष्ठ र रामचन्द्र संघाई प्रतिस्पर्धा गर्दैछन् । जसमध्ये अन्जन श्रेष्ठको प्यानलबाट उपाध्यक्ष र खुल्ला केन्द्रीय सदस्यमा मकवानपुरका दुई जना चर्चित व्यवसायी चुनावी मैदानमा छन् । महासंघमा जिल्ला नगरतर्फको केन्द्रीय उपाध्यक्षमा हेटौंडाका चर्चित व्यवसायी अरुणराज सुमार्गी उम्मेदवार रहेका छन् । महासंघको कुल तीन उपाध्यक्षमा ८ प्रतिस्पर्धी रहेका छन् । जसमध्ये एक सुमार्गी पनि हुन् । महासंघको विधानले तीन फरक व्यावसायिक क्षेत्रमा तीनजना उपाध्यक्षको व्यवस्था गरेको छ । जिल्ला-नगर उवासंघ, एसोसिएट र वस्तुगत उपाध्यक्षका ८ उम्मेदवार छन् ।



अरुणराज सुमार्गी



कृष्ण कटुवाल

जिल्ला नगरतर्फबाटै केन्द्रीय सदस्यमा मकवानपुरका कृष्ण कटुवाल उम्मेदवार छन् । सुमार्गी र कटुवाल दुवै मकवानपुर उद्योग वाणिज्य संघको प्रतिनिधित्व गरेर चुनावी मैदानमा होमिएका हुन् । निर्वाचनमा जिल्ला नगरतर्फ १ सय १८ मत रहेको छ । जसमा निर्वाचन जित्न बुहमत अर्थात ६० मत कटाउनु पर्नेछ । जिल्ला नगरतर्फ एक उपाध्यक्ष र १८ जना खुल्ला केन्द्रीय सदस्यका लागि सुमार्गी र कटुवालले उम्मेदवारी दिएका हुन् । सुमार्गी मकवानपुर उद्योग वाणिज्य संघ र प्रदेश उद्योग वाणिज्य संघको अध्यक्ष हुँदै महासंघको केन्द्रीय सदस्य भएका थिए । कटुवाल मकवानपुर उद्योग वाणिज्य संघको निवर्तमान अध्यक्ष हुन् ।

निर्वाचनमा वरिष्ठ उपाध्यक्षमा अन्जन श्रेष्ठ, उमेशलाल श्रेष्ठ र रामचन्द्र संघाईले आ-आफ्नो प्यानल बनाएर चुनावी मैदानमा होमिएका छन् । उमेशलाल श्रेष्ठ क्वेस्ट फर्मासिटिकल्सका प्रबन्ध निर्देशक हुन् भने अन्जन श्रेष्ठ लक्ष्मी समूहका कार्यकारी निर्देशक हुन् । यस्तै, रामचन्द्र संघई त्रिवेणी समूहका निर्देशक हुन् । निर्वाचनले एक वरिष्ठ उपाध्यक्ष र ३ उपाध्यक्षसहित जम्बो टोली निर्वाचित गर्दैछ । निर्वाचनबाट एसोसिएटतर्फ १९ जना केन्द्रीय सदस्य निर्वाचित हुनेछन् । यस्तै, जिल्ला/नगर तर्फ १८ जना र वस्तुगतमा १४ जना केन्द्रीय सदस्य समेत निर्वाचनबाट निर्वाचित हुनेछन् । यसका साथै, द्विराष्ट्रिय सदस्य १ जना हुनेछन् भने ७ वटा प्रदेशत अध्यक्ष स्वत: सदस्य बन्नेछन् । प्रदेशतर्फका अध्यक्ष निर्वाचित भइसके पनि पद बहाल भने निर्वाचनपछि नै गर्नेछन् ।

यसबाहेक, महासंघका अध्यक्षले ५ जना मनोनित गर्नेछन् भने एकजना निवर्तमान अध्यक्ष समेत कार्यसमित सदस्य रहनेछन् । निर्वाचनमा २ हजार मतदाता छन् । एसोसिएटतर्फ १ हजार ७ सय ४८ जना मतदाता छन् भने जिल्ला नगर तर्फ १ सय १८ जना मतदाता छन् । यस्तै, वस्तुगततर्फ १ सय २३ जना मतदाता छन् भने द्विराष्ट्रिय मतदाताको संख्या १२ छ । निर्वाचनमा उठेका उम्मेदवारले जीत हासिल गर्नका लागि खसेकोमध्ये कम्तिमा ५१ प्रतिशत मत ल्याउनुपर्छ । यसमध्ये वरिष्ठ उपाध्यक्ष पदका उम्मेदवारलाई सबै समूहका मतदाताले मत दिन पाउनेछन् । महासंघको विधानले जिल्लानगर, वस्तुगत र एसोसिएट गरी ३ समूहमा विभाजन गरेको छ । यो तीनवटै समूहले वरिष्ठ उपाध्यक्षलाई मत दिन पाउनेछन् ।

महासंघको इतिहासमा पहिलोपटक वरिष्ठ उपाध्यक्षमा तीनजना उम्मेदवार भएका कारण चुनाव दोस्रो चरणमा प्रवेश गर्ने सम्भावना पनि छ । उम्मेदवारहरु भने दोस्रो चरणमा प्रवेश नगरोस् भन्ने प्रयासमा छन् । दोस्रो चरणमा प्रवेश गर्दा चुनावी लेनदेन निकै पेचिलो हुने सम्भावना हुन्छ । प्रतिस्पर्धाबाट बाहिरिने एकजना उम्मेदवारले दोस्रो चरणको चुनावमा कुन उम्मेदवारलाई समर्थन गर्छन्, उसैको पल्ला भारी हुने भएकाले अहिले नै डिल गर्ने प्रयासमा पनि उम्मेदवार देखिएका छन् । त्यसका लागि उपाध्यक्षहरुमध्ये कसलाई जिताउने वा हराउने भन्ने रणनीति पनि बन्न थालेको छ ।

नयाँ वर्षको शुभकामना सहित पुरानो नारायणी यातायात कम्पनी प्रा.लि.द्वारा संचालित बस सेवा

खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!

यात्रु महानुभावहरूलाई खुसीको खबर !

२०८० बैशाख २ देखि

☛ हेटौंडाबाट ठिंगन हुँदै काठमाडौं गंगबु बसपार्कसम्म दैनिक बिहान ७ बजे

☛ गंगबु बसपार्क काठमाडौंबाट हेटौंडासम्म दैनिक बिहान ६:३० बजे

☛ कलंकीबाट ठिंगन हुँदै हेटौंडासम्म दैनिक बिहान ६:४५ बजे


☛ काठमाडौं सातदोबाटोबाट हेटौंडासम्म दैनिक बिहान ७ बजे



सम्पर्क: ०५७-५२१९९४, ९८५५०६७६५५, ९८५५०७१६२५

केदारनाथ सुनचाँदी पसल

हेटौंडा-१०, बसपार्क रोड



यहाँ सुनचाँदीको गरगहना पाउनुको साथै अर्डर बमोजिम तयार पनि गरिन्छ र राशी अनुसारको पत्थर पाउनुको साथै सुनचाँदी खरिद बिक्री पनि गरिन्छ ।

प्रो. राहुल सुनार

मो.नं. ९८४५८३०८१७, ९८०४२०३२५५

खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !

(उत्तराखण्ड चारधाम)

बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० बैशाख १७ गतेबाट बिभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।

**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित) नोट:- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्क:-

गोपाल थापा, हेटौंडा बसपार्क

मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,

मोवाईल नं. ९८४५८०८४०२

Education is the real treasure

We are hiring...

Hetauda Academy, a leading academic institution in Hetauda, offers a multifaceted learning environment to foster holistic development of children. Hetauda Academy is a student centric, parent-friendly and socially responsible academic institution that treats its faculty and staff with respect and dignity and is looking for suitable candidates with proven competence to work with young students in its various departments for the following positions:

1. Vice-Principal
2. Coordinators
   *Secondary Level, Basic Level and Pre-primary Level*
3. Secondary & Basic Level Faculty
   *Computer Science, English, Mathematics, Science, Social Studies & Human Value Education, Nepali, 'Health, Physical & Creative Arts'*
4. Secretary to CEO
5. School Counselor
6. ECA/CCA Instructor
   *Art & Craft, Music (Vocal & Instrument), Dance, Yoga, Basket Ball, Table Tennis, Cricket, Football, Martial Arts, Swimming, Hand Writing, English Phonics, Nepali Phonics*
7. Officers
   *HR & General Administration, Operations & Procurement, IT Administration, Library Management, Examination, ECA/CCA,*
8. Assistants: *Admin & Finance, Computer Lab, Computer Operator, Front Desk*
9. Discipline Staffs
10. Drivers, Security Guards, Cook, Helpers, Gardener

**For further details, please visit www.hetaudaacademy.edu.np/vacancy**

*Strong command over written & spoken English and basic computing skills are mandatory for all above mentioned positions except 10. Smart candidates without work experience are also encouraged to apply.*

There is no bar in remuneration and other benefits for deserving candidate. Interested candidates should send CV at hr@hetaudaacademy.edu.np with 2 references and expected salary not later than 16 April 2023.

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Hetauda 11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

साझाकुरा

## हाम्रो कुरा

# कार्यसम्पादनमा ध्यान देउ

प्रदेश सरकारको कार्यसम्पादनको अवस्था निराशाजनक देखिएको छ । समयमै बजेट खर्च नगर्ने पुरानै प्रबृत्ति प्रदेश सरकारमा पनि देखियो । समयमै बोलपत्र निकाल्ने, ठेक्का सम्झौता गर्ने समयमै काम सुरु गर्ने , निर्धारीत समयमै सम्पन्न गर्ने अपेक्षा थियो । संघीयतामा गएपनि विकासे माडल उही पञ्चायती व्यवस्थाकै जस्तो भयो भने संघीयताको मर्म के होला ? देशका ७ वटा प्रदेशमध्ये बागमती प्रदेश अर्थतन्त्रमा बलियो छ । विकासको सूचकांकमा अब्बल हुनुका साथै राजश्व आम्दानीमा पनि बागमती पहिलो नम्बरमा आउँछ । ७ प्रदेशमध्ये सबैभन्दा ठूलो आकारको बजेट बागमतीले ल्याउने गर्छ । तर, हरेक वर्ष विकास बजेट खर्च कमजोर रहँदै आएको छ । बागमती प्रदेश मात्र नभई संघीय सरकारकै बजेट खर्च निराशाजनक छ । मुलुकको आर्थिक सम्मृद्धिमा सरकारको पुँजीगत खर्चको ठूलो महत्व र योगदान हुन्छ । तर, पछिल्ला वर्षहरुमा सरकारको पुँजीगत खर्च गर्नसक्ने क्षमता कमजोर हुँदै गएको छ ।

सरकार खर्च गर्न नसक्ने समस्याको दलदलमा भासिँदा मुलुकमा आर्थिक क्रियाकलापहरु संकुचित बन्दै गएका छन् । रोजगारीका नयाँ अवसरहरु सृर्जना हुन सकेका छैनन् । बागमती सरकारको चालू आर्थिक वर्ष २०७९/०८० को आठ महिनामा पुँजीगत खर्च १७ दशमलव ३६ प्रतिशत मात्रै छ । तर, चालू खर्च भने पुँजीगतको दोब्बर छ । विकास बजेट खर्चमा कमजोर देखिँदै आएको बागमती सरकारको हरेक वर्ष कर्मचारीको तलब, भत्ता, सुविधा, सवारीसाधन खरिद, इन्धनमा बढी खर्च देखिन्छ । बागमती प्रदेशमा चालू आव ०७९/८० को फागुन मसान्तसम्म २४ दशमलव १२ प्रतिशत मात्रै बजेट खर्च भएको छ । प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार विनयोजित बजेटको फागुन मसान्तसम्म जम्मा १७ अर्ब ११ करोड ८ लाख रुपैयाँ मात्र खर्च भएको छ । बितेको ८ महिनामा चालू खर्च ९ अर्ब २४ करोड ४२ लाख अर्थात ३४ दशमलव १४ प्रतिशत र पुँजीगत खर्चतर्फ १७ दशमलव ३६ प्रतिशत अर्थात् ७ अर्ब २६ करोड ६६ लाख रुपैयाँ खर्च गरेको छ । चालू आवका लागि प्रदेश सर कारले ७० अर्ब ९३ करोड ९३ लाख रुपैयाँको बजेट ल्याएको थियो । बजेट खर्च भन्दा पनि सत्ता प्राप्ति र टिकाउनमा बढी समय खर्चिनु पर्ने अवस्था आफैंमा बिडम्बना हो । नेतृत्वमा आएपछि प्रदेशको समग्र विकासमा लाग्नुपर्ने नेतालाई गठबन्धन टुटफुटले दलदलमा धसाउँदै छ । कयौं विकास आयोजनाहरु अलपत्र हुँदा निर्माणमा ध्यान दिन नसकेर सरकार फेरबदलमै चालू आवको ९ महिना बितिसक्यो । आशा लाग्दो बजेट खर्च गर्न सकेको छैन । सत्तारुढ दलहरु भागबण्डामा अड्किँदा प्रदेशको बजेट खर्चमा थप असर पुग्ने देखिन्छ । चालू आवको बजेट १४ वटा मन्त्रालयलाई बाँडिएको थियो । हालका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले मन्त्रालय संख्या ११ वटा कायम गरेका छन् । चालू आवको फागुन मसान्तसम्म सबैभन्दा धेरै बजेट पाएको भौतिक पूर्वाधार विकास मन्त्रालयले कूल बजेटको १६ प्रतिशत मात्रै बजेट खर्च गरेको छ । भौतिकले २३ अर्ब ५८ करोड ६४ लाख रुपैयाँ कुल बजेटमा ३ अर्ब ७९ करोड ८७ लाख रुपैयाँ मात्र खर्च गर्न सकेको छ । श्रम, रोजगार तथा यातायात मन्त्रालयले २९ करोड १५ लाख अर्थात ३० प्रतिशत मात्रै बजेट खर्च सकेको छ ।

बागमती प्रदेश सरकार स्थापनाको पहिलो आर्थिक वर्ष २०७५/०७६ मा ल्याएको बजेटको जम्मा ६० प्रतिशत मात्र खर्च भएको थियो । आव ०७६/७७ मा ४७ अर्ब ६० करोड ७९ लाख रुपैयाँको बजेट ल्याएकोमा कुल बजेटको जम्मा ५९ प्रतिशत मात्र खर्च भएको थियो । प्रदेश सरकारले आव २०७७/७८ मा कुल विनियोजित बजेट ५१ अर्ब ४२ करोड ७५ लाख रुपैयाँमा ६९ प्रतिशत मात्र खर्च गरेको थियो । यस्तै गत आव २०७८/७९ मा पनि विनियोजन गरेको बजेट ५७ अर्ब ७२ करोड ९ लाख रुपैयाँमा ६६ प्रतिशत मात्र खर्च भयो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छुतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ चैत ३० गते बिहीबार १३ अप्रिल २०२३ । अष्टमी, वैशाख कृष्णपक्ष । चौलागा ११४३ ने.सं. । सूर्योदय ५:४४, सूर्यास्त ६:२७। विश्व धोजोत्थान ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : स्वास्थ्यमा बाधा उत्पन्न हुनेछ | **तुला** | : मानसिक तनाव बढ्नेछ |
| **वृष** | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | **वृश्चिक** | : मनमा छट्पटि बढ्नेछ |
| **मिथुन** | : पवित्र कर्ममा मन जानेछ | **धनु** | : शत्रु पराजय हुनेछ |
| **कर्कट** | : घरेलु समस्याले सताउने देखिन्छ | **मकर** | : बुद्धि र पराक्रम बढ्नेछ |
| **सिंह** | : महत्वपूर्ण भेटघाट हुनेछ | **कुम्भ** | : नातागोतासूग भेटघाट हुनेछ |
| **कन्या** | : उपहार हात लाग्नसक्नेछ | **मीन** | : रोकिएको कामहरु बन्नेछ |

# अस्थिरताले जन्माएको पश्चगमनको रोइलो



**काजी गुरुङ**

नेपालको वर्तमान राजनीतिक प्रणालीमाथि केही मानिसहरूले विभिन्न प्रश्नहरू गर्दै आएका छन् । अहिले प्रयोगमा रहेको सैंघ लोकतान्त्रिक गणतन्त्र सफल वा असफल, जनपक्षीय वा जनविरोधी, श्रमजीवी पक्षीय वा दलाल पुँजीवादी पक्षीय, राष्ट्रवादी वा राष्ट्रघाती भन्दै सहरका चोक र दुर्गम बस्तीका चिया पसलदेखि राजधानीमा अवस्थित संसद् भवनसम्म आआफ्ना मगजले भ्याएसम्मका तर्कवितर्कहरू भइरहेका छन् । सत्ता खेलमा समावेश राजनीतिक पार्टीहरू र राज्य संयन्त्रले उचित परिणाम दिन नसकेपछि, जनभावनाको सम्बोधन गर्न नसकेपछि यस्ता प्रश्नहरू सतहमा देखिएका हुन् । यो विषयमा पक्ष-विपक्षमा नेता, राजनीतिक पार्टी र व्यवस्थाको विषयमा बहस हुनुलाई अन्यथा मान्न सकिँदैन ।

यस भौतिक संसारका हरेक चिज समयक्रमअनुसार परिवर्तन हुँदै जान्छ । राजनीतिक पार्टीहरू र राज्य प्रणाली, तीनले निर्माण गर्ने संविधान, ऐन, कानुनहरू पनि समयसापेक्ष परिमार्जन हुँदै जाने विषय हुन् । सामान्यत: समाज विकासक्रम अथवा सामाजिक रूपान्तरणाको प्रक्रियालाई हेर्ने हो भने राजनीतिको यात्रा अगाडि बढ्ने नै हुन्छ । कहिलेकाहीँ यसको गतिमा रोकावट भई केही समय यथास्थितिमा रहने वा पछाडि फर्कने पनि हुन सक्दछ ।

हो, अहिले नेपाली राजनीतिमा, बौद्धिक जगतमा, हामीले अवलम्बन गरिरहेको राजनीतिक प्रणालीलाई संरक्षण गरेर यथास्थानमा सुरक्षित राख्ने अथवा यो प्रणालीलाई ध्वंस वा असफल करार गरी पचासको दशकअघि लैजाने वा आजको भन्दा उन्नत राजनीतिक प्रणालीको प्रयोग वा खोजी गर्ने यी तीन विकल्पको वरिपरि जबरजस्ती बहसहरू केन्द्रित भइराखेका छन् । यथास्थिति, अग्रगमन र पश्चगमनमा सङ्केन्द्रित यी बहसहरूले बिस्तारै भौतिक ताकतको निर्माण र शक्ति सञ्चय पनि गर्दै गएको देखिन्छ ।

आज मूलत: राष्ट्रिय प्रजातन्त्र पार्टी संघीय लोकतान्त्रिक गणतन्त्रको स्थानमा हिन्दु राज्य र संवैधानिक राजतन्त्रको पक्षमा संसद्देखि सडकसम्म निस्किएका छन् । राप्रपाको यो नारालाई विवादित व्यवसायी दुर्गा प्रसाईंले एउटा अभियन्ताका नाममा जमेर साथ दिइरहेका छन् । राप्रपाबाहेक अरू राजनीतिक शक्तिहरूले हिन्दु राज्य र संवैधानिक राजतन्त्रको मुद्दालाई आधिकारिक रूपमा प्रस्तुत गरेको पाइँदैन ।

तर पार्टीका केही नेताहरूले समय समयमा हिन्दु धर्म र राजतन्त्रका विषयमा विवादित अभिव्यक्ति भने दिने गरेका छन् । नेपाली कांग्रेस राष्ट्रियता, प्रजातन्त्र र समाजवाद भन्दै आजको दिनमा आइपुगेको छ भने नेकपा एमाले, माओवादी केन्द्रलगायतका वाम शक्तिहरू सैद्धान्तिक हिसाबले आजको व्यवस्थाको संरक्षण गर्दै समाजवादतिरको यात्रा गर्नुपर्ने मान्यतामा छन् । तर व्यवहारमा उनीहरू चुनावको गोलचक्करभन्दा माथि उठ्न सकिरहेको छैन । यता संसदीय प्रतिस्पर्धाभन्दा बाहिर रहेका कम्युनिस्ट पार्टीहरू भने वर्तमान संसदीय पुँजीवादी व्यवस्थाको विकल्पमा योभन्दा उन्नत व्यवस्था (समाजवादी व्यवस्था) को पक्षमा उभिँदै आएका छन् ।

माओवादीको दसवर्षे जनयुद्ध र सात राजनीतिक पार्टीसहितको २०६२/६३ को जनआन्दोलनपछि अन्तरिम सरकार, संविधान सभाको निर्वाचान (२०६४) र सैंघ लोकतान्त्रिक गणतन्त्रको घोषणा भएसँगै देश सामाजिक रूपान्तरणको दिशामा तीव्र गतिमा अगाडि बढ्ने आम जनताको अपेक्षा थियो । देशमा निरङ्कुश राजतन्त्रको अवसान भएको, युद्ध लडिरहेको माओवादी र संसदीय राजनीतिक पार्टीहरूको सहकार्य र प्रतिस्पर्धाको राजनीतिले लामो समयदेखि अवरुद्ध भौतिक विकास र सामाजिक न्यायसहितको रूपान्तरणको प्रक्रियामा देशले फड्को मार्छ भन्ने विश्वास थियो । पसिना बगाएर बाँचिरहेका सामान्य भुँइमान्छेदखि देशका चर्चित विश्वविद्यालयका प्राध्यापक बुद्धिजीवीहरूसम्मको थियो ।

तर दुई दुई पटकको संविधान सभाको निर्वाचनपछि बनेको संविधान र दुईतिहाइ बहुमतसहितको डबल नेकपाको ओली-प्रचण्ड सरकारले आफ्नो पाँचवर्षे कार्यकालसम्म पनि पूरा गर्न नसकेपछि समृद्धि र सामाजिक रूपान्तरणको कुरा त परै जाओस् आफ्नो पार्टीसम्म पनि जोगाउन सकेन र तीनवटा पार्टी बन्न पुग्यो । जुन घटनाक्रमले संसदीय राजनीतिमा अत्याधिक बहुमत प्राप्त हुँदा पनि स्थिरता हुन नसक्ने कुरा फेरि एक पटक प्रमाणित गरिदियो ।

संसदीय प्रतिस्पर्धा र विद्यमान राजनीतिक प्रणाली हदैसम्मको विकृतिपूर्ण भयो भन्ने कुरा प्रमाणित गरिरहन अब आवश्यक भएन । देशको अर्थतन्त्र ऋणात्मक हुने, तीन करोड हाराहारीको जनसंख्यामा पचासौं लाख देशबाहिर हुने, वर्षको पचासौं हजार विद्यार्थी देश छोडेर विदेश पढ्न जाने, सैंदेखि प्रदेशसम्मको सरकारको आयु संविधानले व्यवस्था गरेजति कहिल्यै नहुने अवस्था सधैं रहने देखियो ।

देशमा कुनै उपभोग्य सामान उत्पादन नहुने र आयातमा निर्भर हुनुपर्ने, नयाँ रोजगारीको सिर्जना नहुनेजस्ता प्रत्यक्ष अनुभूतिहरूका कारण जनतामा राजनीति र पार्टीप्रति वितृष्णा बढ्दै गएको छ । यी क्षेत्र राजनीतिक व्यवस्थासँग प्रत्यक्ष रूपलले जोडिएको हुन्छ । आम मानिसका यस्ता समान अनुभूतिलाई यो व्यवस्थाले कसरी समृद्ध, न्यायमुखी, जनपक्षीय र स्वाधीन बनाउन सक्छ ? यी सबै तर्क, असन्तुष्टिलाई जनमतमार्फत निचोड निकाल्ने हो भने यो राजनीतिक प्रणालीको प्रयोग सफल भएको निष्कर्ष निकाल्न निकै मुस्किल छ ।

संसदीय पुँजीवादी व्यवस्था असफल भएको वा हाम्रो सापेक्षतामा परिणाममुखी नभएको निष्कर्ष निस्कने हो भने संसदीय पुँजीवादी गणतन्त्रको विकल्प राजतन्त्र होइन । त्यो अवश्य सही विकल्प पनि होइन किनकि आधुनिक नेपालको इतिहासको अथवा एकीकृत नेपालको इतिहासलाई मात्र हेर्दा पनि नेपालमा राजतन्त्रले २४० वर्षभन्दा बढी शासन गरेको छ । यो अवधिमा १०४ वर्ष राजा र राणा, २४ वर्ष राजनीतिक पार्टी र राजा बाँकी समय एकछत्र राजतन्त्रले शासन गरेको तथ्य हाम्रोसामु छ ।

२०६२/६३ को जन आन्दोलनपछि मात्र संसदीय राजनीतिक पार्टीहरूले नेपालमा शासन सत्ता सञ्चालन गरिरहेका छन् । राजाको एकल शासन, राजा र राणाको संयुक्त शासन वा राजा र राजनीतिक पार्टीको शासन तीनवटै स्वरूपका व्यवस्थालाई नजिकबाट अध्ययन गर्ने हो भने पुँजीवादी गणतन्त्रभन्दा त्यो राजतन्त्र कसरी अब्बल थियो ? प्रश्न सिधा छ । तर कुनै पनि तर्कले पुँजीवादी गणतन्त्रभन्दा राजतन्त्र सही थियो भन्ने प्रमाणित हुन सक्दैन ।

राजतन्त्र कालमा राष्ट्रघाती सन्धिहरू भएका थिए । राजा वास्तवमै ईश्वरका रूप थिएन, हुन पनि सक्दैनन् । त्यसैले राजाका विरुद्ध राजनीतिक पार्टीहरू लडेका थिए । के सामन्तवादमा जनताहरू सन्तुष्ट थिए ? के सत्ता कलह आज मात्र भएका हो ? के दरबार हत्याकाण्ड गणतन्त्रमा भएको हो ? के राजतन्त्रमा सत्ताको दुरूपयोग भएको थिएन ? भारदारहरूबीचको शक्ति सैर्ष र षड्यन्त्र दरबार फसेको थिएन ? त्यसैले यी समस्याबाट आजित भएर नै जनताले राजतन्त्रको विकल्पमा गणतन्त्र रोजेका हुन् । गणतन्त्र स्थापनाको लागि बलिदानसम्म गर्न जनता तयार भएका हुन् ।

हिन्दु धर्म र राजतन्त्रको मुद्दा बोकेर राजावादी जनमत राष्ट्रिय प्रजातन्त्र पार्टीले केही जनतालाई भ्रममा पारेको छ । यो पार्टी कांग्रेस–कम्युनिस्टप्रतिको जन असतुष्टिको फाइदा लिएर गणतान्त्रिक व्यवस्थामा पनि उपप्रधानमन्त्रीको पद हत्याएर सत्ताको तर मार्न पाएको छ । सत्तामा रहने अनि राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन बहिष्कार गर्ने विषय कदापि तर्कसङ्गत छैन ।

राप्रपाका पुराना नेता र नयाँ भनिएकाहरू पनि हिन्दु धर्म र राजतन्त्रको गीत गाइरहेका छन् । राजतन्त्रकालमा स्वतन्त्रताको आन्दोलन गर्दा राजनीतिक पार्टीमाथि प्रतिबन्ध लागेकै थिए, गणतन्त्रको माग गर्दा, संविधान सभाको माग गर्दा दलका नेतालाई जेल कोच्ने, देशलाई गृहयुद्धमा धकल्ने कार्य राजतन्त्रात्मक संसदीय व्यवस्थाले पनि गरेकै थियो । तर गणतन्त्रमा राजतन्त्रवादीहरूले स्वतन्त्रताको भरपुर उपयोग गरिरहेका छन् । पार्टी खालेर आफ्नो विचार राख्ने, जनमत परिक्षण गर्ने, प्रतिस्पर्धाबाट विचारलाई अब्बल साबित गर्ने सुविधा सबैलाई गणतन्त्रले प्रदान गरेकै छ । त्यसैले पटक पटक जनआवाज बन्देज गर्ने राजतन्त्र कसरी गणतन्त्र भन्दा उत्तम व्यवस्था हुन सक्छ ?

समाजमा अग्रगमन, पश्चगमन र यथास्थितिको बीचमा टकराब त सधैं भइ नै रहन्छ । राजनीतिक व्यवस्था र पार्टीहरूप्रति विश्वास आर्जनको सङ्कट परेको बेला व्यवस्थाको विकल्पमा बहस हुन्छ नै । तर समाजलाई पछाडि फर्काउने नारा विकल्प नभएर पश्चगमनको यात्रा हो । त्यो विषय र तर्क जन्मेर हुर्किएको बालकलाई आमाको पाठेघरतिर फर्काउनुपर्छ भन्ने जस्तै हुन्छ । राजतन्त्र पुन:स्थापनाको नाराले व्यक्ति र वंशलाई केन्द्र मानेर राजनीतिक पार्टी र जनतालाई सहायक ठान्दछ । तसर्थ देशमा राजा र प्रजाको विभाजनभन्दा जनता र राजनीतिक पार्टीको अभ्यास नै वैज्ञानिक ठहर्दछ ।

संसदीय पुँजीवादी गाणतन्त्रले स्थायित्व, भौतिक विकास र समृद्धि, स्थायी शान्ति र अमनचयन, विश्वास र प्रतिष्ठा दिन नसकेकै हो । यो व्यवस्थाले बलिया पाखुरा र तेजिलो मस्तिष्कलाई समुद्र पारि पठाएकै हो । जमिन बाँझो बनाएकै हो । गाउँघर रित्याएकै हो । बुढाबुढी बाआमालाई विचल्ली बनाएकै हो । राजनीतिक गर्ने र सार्वजनिक जीवनमा रहेका सबैलाई शङ्काको दृष्टिले हेर्ने बनाएकै हो । तर पुँजीवादी गणतन्त्रको विकल्प सामन्तवाद अथवा गणतन्त्रको विकल्प राजतन्त्र हो भन्ने कुरा कुनै तथ्यले प्रमाणित गर्न सक्दैन ।

गणतन्त्रको विकल्प गणतन्त्र नै हुन्छ । संसदीय व्यवस्थाको विकल्प समाजवादी व्यवस्था हुन्छ । त्यसैले आजका तमाम सामाजिक, राजनीतिक समस्याको समाधान हिन्दु राज्य र राजसंस्थाले गर्छ भन्ने कुरा जनतालाई भ्रममा राखेर सत्ताको रोटी सेक्नेभन्दा अरू होइन भन्ने तथ्य इतिहासले पुष्टि गरेको छ । जहाँसम्म अहिले राजनीतिक पार्टीहरू र नेतालाई सामाजिक सञ्जाल, इलेक्ट्रोनिक सञ्चार माध्यामहरू, संसद् भवन, सानाठूला सभाहरू आदि प्रयोग गरेर गाली गलौज गर्ने, बदनाम गर्ने, चरित्र हत्या गर्ने र गणतन्त्रभन्दा राजतन्त्र राम्रो भन्दै राजा आउ देश बचाउ भनी प्रचारबाजी गर्ने जुन परिपाटीको विकास हुन खोज्दै छ, यो व्यवस्थाको अस्थिरताले जन्माएको पश्चगमनको रोइलो मात्र हो ।

गणातन्त्रलाई प्रतिस्थापन गरी राजतन्त्रले चकाचक, फटाफट स्वाधीन, समृद्ध, शान्त र समतामूलक समाज निर्माण गर्ने भए उहिल्यै गरिसक्ने थियो । उहिल्यै गरिसकेको भए आज पारस शाहको पक्षमा ज्ञानेन्द्र शाहीले स्वर सुक्ने गरी संसद् थर्काउन पर्ने थिएन । कमल थापा गणतन्त्रवादी हुनै पर्ने थिएन । पूर्वराजा ज्ञानेन्द्रले दुर्गा प्रसाईंसँग जोडी बाँध्न पर्ने नै थिएन । आज मात्र होइन अबको पचासौं वर्षपछि पनि पश्चगमनको रोइलो चलि नै रहनेछ तर समाज आफ्नो गतिमा अगाडि बढिरहन्छ ।

*(साभार: रातोपाटी)*

# वित्तीय स्रोत परिचालनको कसीमा स्थानीय तह

**खिमलाल देवकोटा**

संविधानत: स्थानीय तहको कर राजस्व अधिकारमा सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिस्ट्रेसन शुल्क, सवारीसाधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, मनोरञ्जन कर, भूमि कर, मालपोत र दण्ड जरिवाना पर्छन् । तर, स्थानीय तहका कैयौं राजस्व अधिकारहरू प्रदेशसँग बाझिएका छन् दोहोरिएका छन् । जस्तो- घरजग्गा रजिस्ट्रेसन शुल्क, सवारीसाधन कर, विज्ञापन कर र मनोरञ्जन कर दुवै तहको एकल-एकल अधिकारमा छ । यसको समस्या समाधानका लागि एकल कर प्रशासन विधि अपनाइएको छ । यसका लागि जुन तहको सरकारले राजस्व संकलन गर्छ, उसले ६० प्रतिशत राखी बाँकी ४० प्रतिशत अर्को तहको सरकारलाई दिन्छ । जस्तो– सवारीसाधन कर प्रदेशले संकलन गर्छ, जसले त्यसको ६० प्रतिशत आफूसँग राखेर बाँकी ४० प्रतिशत स्थानीय तहबीच बाँडफाँट गर्छ । घरजग्गा रजिस्ट्रेसन शुल्क स्थानीय तहले संकलन गर्छ, जसले ६० प्रतिशत आफूसँग राखेर बाँकी ४० प्रतिशत प्रदेशलाई दिन्छ । अहिले स्थानीय तहका तर्फबाट नेपाल सरकारले नै घर जग्गा रजिस्ट्रेसन शुल्क संकलन गरिरहेको छ । यसको आधार र दर तोक्ने काम प्रदेशले गर्छ ।

संविधानमा पर्वतारोहरण, विद्युत्, वन, खानी तथा खनिज, पानी लगायतका प्राकृतिक स्रोतसाधनबाट प्राप्त रोयल्टी तीनै तहका सरकारको साझा अधिकार सूचीमा छ । कानुनत: यसबाट प्राप्त रोयल्टीको २५ प्रतिशत स्थानीय तहले पाउँछ । स्थानीय तहको वित्तीय स्रोतका रूपमा अन्तरसरकारी वित्त व्यवस्थापन ऐनमा स्थानीय तहले मूल्य अभिवृद्धि कर र अन्त:शुल्कको (आन्तरिक उत्पादन) १५ प्रतिशत पाउने व्यवस्था छ । वित्तीय हस्तान्तरणका रूपमा स्थानीय तहले वित्तीय समानीकरण अनुदान, ससर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान पाउने व्यवस्था छ ।

स्थानीय सेवाप्रवाहका सन्दर्भमा स्थानीय तहले प्रभावकारी भूमिका निर्वाह गर्न सक्छ भन्ने धेरै देशका अनुभवहरूले देखाएका छन् । यही तथ्यलाई ख्याल गरी संविधानले स्थानीय तहलाई शिक्षा, स्वास्थ्य, सडक, खानेपानी आदि स्थानीय सेवा प्रवाहसँग सम्बन्धित जिम्मेवारीहरू दिएको छ । यी जिम्मेवारीहरू पूरा गर्न स्थानीय तहको वित्तीय स्रोत मजबुत हुनुपर्छ । वित्तीय स्रोत र विकास, वित्तीय स्रोत र सेवाप्रवाह, वित्तीय स्रोत र सुशासन लगायतबीच सकारात्मक सम्बन्ध हुन्छ । तर स्थानीय तहले वित्तीय स्रोतको अभिवृद्धिमा, विशेष गरी आन्तरिक कर राजस्व परिचालनमा त्यति ध्यान दिन सकेको देखिन्न । महालेखा परीक्षकको ५९ औं वार्षिक प्रतिवेदन-२०७९ ले यस तथ्यलाई पुष्टि गर्छ ।

महालेखा परीक्षकको कार्यालयले आर्थिक वर्ष २०७७-७८ मा कुल ७५३ गाउँपालिका र नगरपालिकामध्ये ७४४ वटाको मात्र लेखापरीक्षण गरेको छ, जस अनुसार स्थानीय तहको कुल आय ५ खर्ब ९७ अर्ब रुपैयाँ छ । यसमध्ये ४ खर्ब ८७ अर्ब खर्च भएको छ । स्थानीय तहको कुल आयमा स्थानीय राजस्व ३५ अर्ब २८ करोड मात्र छ, जुन कुल खर्चको ७.२४ प्रतिशत र कुल आयको ५.९१ प्रतिशत मात्र हो । कुल आयमा अनुदानको हिस्सा ५३.३८ प्रतिशत छ । यसमा प्रदेशबाट हुने अनुदानसमेत समावेश छ । स्थानीय तहले पाउने कुल अनुदानमा प्रदेशबाट हुने अनुदान करिब ८ प्रतिशत मात्र छ ।

स्थानीय तहको कुल आयमा राजस्व बाँडफाँटको हिस्सा ११.५५ प्रतिशत छ, जसमा प्रदेशबाट स्थानीय तहमा बाँडफाँट गरिने सवारी साधन करको हिस्सा पनि समावेश छ । राजस्व बाँडफाँटलाई पनि स्थानीय तहको आन्तरिक आय मान्ने हो भने कुल आयमा स्थानीय आयको हिस्सा १७.४६ प्रतिशत हुन्छ । तर राजस्व बाँडफाँटलाई आन्तरिक आयभन्दा पनि वित्तीय हस्तान्तरणको पाटोका रूपमा लिने गरिएको छ ।

स्थानीय तहले अघिल्लो आर्थिक वर्षमा खर्च नगरेर बाँकी रहेको रकमलाई नगद मौज्दातका रूपमा देखाउने चलन छ । नगद मौज्दातको हिस्सा १५.३६ प्रतिशत छ । महालेखाले स्थानीय तहका अन्य आय करिब १४ प्रतिशत रहेको देखाएको छ, तर यिनमा कुनकुन शीर्षकका आय पर्छन् भन्नेचाहिँ खुलाएको छैन । अन्य आयका रूपमा यति ठूलो रकम देखाउनु निश्चय नै राम्रो हैन । स्थानीय तहको कुल खर्चमा पुँजीगत खर्चको हिस्सा करिब ३३ प्रतिशत छ भने चालु खर्चको ५१ प्रतिशत ।

स्थानीय तहको स्रोत जति बढी भयो, खर्च पनि त्यही स्तरमा हुन्छ । आयजस्तै खर्च र आर्थिक विकास, कुल गार्हस्थ्य उत्पादनबीच सकारात्मक सम्बन्ध हुन्छ । खर्च बढाउनलाई स्थानीय करको दायराका क्षेत्रहरूमा बढोत्तरी आवश्यक छ । आन्तरिक आय परिचालनमा महानगरपालिकाहरूको अवस्था सन्तोषजनक नै छ, तर उपमहानगर पालिकाहरूको स्थिति राम्रो छैन । कुल आयमा आन्तरिक आयको भार जम्मा ७.९० प्रतिशत छ, महानगरपालिकाहरूको २६.४९ प्रतिशत छ ।

अन्य देशको अनुभव हेर्दा, पालिकाको स्थायी र आयको दिगो स्रोत सम्पत्ति कर नै हो । स्थानीय आय परिचालनमा सम्पत्ति करको भूमिका महत्वपूर्ण हुने उल्लेख विभिन्न अध्ययन प्रतिवेदनमा पाइन्छ । संविधानले स्थानीय तहलाई प्रदान गरेका राजस्व अधिकारहरूमध्ये सम्पत्ति कर, भूमिकर (मालपोत) र मालपोत असुलीलाई एकल अधिकारको सूचीमा राखेको छ । स्थानीय सरकार संचालन ऐन-२०७४ ले स्थानीय तहको क्षेत्रभित्रको कुनै व्यक्तिको स्वामित्वमा रहेको सम्पूर्ण घर र जग्गाको एकीकृत रूपमा हिसाब गरी लगाइने करलाई सम्पत्ति कर भनेको छ । सम्पत्ति कर लगाएको अवस्थामा भूमि कर (मालपोत) नलगाउने व्यवस्था पनि छ ।

स्थानीय सरकार सञ्चालन ऐन लागू हुनुपूर्व स्थानीय स्वायत्त शासन ऐनले दिएको अधिकार अनुसार नगरपालिकाहरूले एकीकृत सम्पत्ति कर वा घरजग्गा करमध्ये एउटा छनोट गरी लागू गर्न सक्ने र एकीकृत सम्पत्ति कर लागू भएको अवस्थामा सो नगरपालिकामा मालपोत नलाग्ने व्यवस्था थियो । यो व्यवस्था स्थानीय सरकार सञ्चालन ऐनको हालको व्यवस्थासँग मेल खान्छ । यही कानुनी व्यवस्था अनुसार पुराना ५८ मध्ये काठमाडौं उपत्यकाभित्रका र तराई क्षेत्रका केही नगरपालिकाबाहेक अधिकांशले एकीकृत सम्पत्ति कर लागू गरेका थिए । स्थानीय सरकार सञ्चालन ऐनले गाउँपालिकाहरूले समेत सम्पत्ति कर लिन सक्ने व्यवस्था गरेकाले यसको दायरा बढेको छ । तर पाँच वर्षको अनुभव हेर्दा पालिकाहरूले यसमा अपेक्षित प्रगति गर्न सकेका छैनन् ।

स्थानीय सरकारको कुल आन्तरिक आय परिचालनमा सम्पत्ति करको भूमिका ठूलो छ । सम्पत्ति कर सम्बन्धी विश्व बैंकको हालैको एउटा अध्ययन अनुसार, न्यून आय भएका देशहरूका स्थानीय सरकारको कुल आन्तरिक आयमा सम्पत्ति करको भार १५ देखि २० प्रतिशतसम्म छ । मध्यम आय भएका देशहरूमा ३५ प्रतिशत छ भने धनी देशहरूका स्थानीय तहको आन्तरिक आयमा यसको भार करिब ४० प्रतिशत छ । जुन देशमा तीव्र सहरीकरण हुन्छ, ती देशले सम्पत्ति करमा राम्रो प्रगति गरेका हुन्छन् ।

सहरीकरण स्थानीय तहको राजस्व संकलनको महत्त्वपूर्ण आधार हो । सहरीकरणका आधारमा जग्गाजमिनको मूल्य बढेसँगै सम्पत्ति करको दायरा पनि बढ्छ । राम्रोसँग परिचालन गर्न सके यो सहरी पूर्वाधारको राम्रो स्रोतसमेत हुन्छ । यो कर जसले सक्छ उसले तिर्छ भन्ने सिद्धान्तमा पनि आधारित छ । अचल सम्पत्ति धनको अक्सर एउटा प्राथमिक आधार पनि हो । सबैले देख्ने र राजनीतिक रूपले पनि राजस्वको संवेदनशील औजारका रूपमा रहेको हुँदा यो करले स्थानीय तहलाई सार्वजनिक सेवा प्रवाहका क्षेत्रलाई बढी जवाफदेह, कार्यकुशल र उत्तरदायी बनाउन सहयोग गर्छ । नेपालको पछिल्लो जनगणनालाई आधार मान्दा सहरीकरणले तीव्रता पाएको छ, तर सहरीकरणसँगै सम्पत्ति कर संकलनमा जेजति प्रयास हुनुपर्ने थियो, त्यति हुन सकेको छैन ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७८ सालमा गरेको एउटा अध्ययन अनुसार, स्थानीय तहको कुल आन्तरिक आयमा सम्पत्ति करको भार १३ प्रतिशत छ भने महानगर पालिकाहरूको १९ प्रतिशत । स्थानीय निकायहरूको पुन:संरचना हुनुभन्दा अगाडि कायम रहेका नगर पालिकाहरूको कुल आन्तरिक आयमा सम्पत्ति करको भार १० प्रतिशत थियो । साबिकको भन्दा सामान्य सुधारोन्मुख त छ, तर अपेक्षितचाहिँ छैन ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार, नेपालका महानगर पालिकाहरूमा सबैभन्दा धेरै सम्पत्ति करको भार पोखराको २९.४१ प्रतिशत छ । विराटनगरको २४ प्रतिशत, वीरगन्जको २३ प्रतिशत छ भने काठमाडौंको करिब १८ प्रतिशत । विश्व बैंकको प्रतिवेदन अनुसार, मलेसियाको क्वालालम्पुर महानगरपालिकाको कुल राजस्वमा सम्पत्ति करको भार करिब ४६ प्रतिशत छ ।

सहरीकरणको प्रमुख कारक नै जनसंख्यामा तीव्र वृद्धि हो । निश्चय पनि जनसंख्या वृद्धिसँग आर्थिक क्रियाकलापहरू पनि बढ्छन्, राजस्व बढ्छ, सम्पत्ति करको दायरा पनि बढ्छ । तर, जनसंख्या वृद्धि हुँदैमा राजस्व/सम्पत्ति कर बढिहाल्छ भन्नेचाहिँ छैन । जस्तो- भारतका मुम्बई र दिल्लीको जनसंख्या झन्डै बराबरी छ । विश्व बैंककै प्रतिवेदन अनुसार, मुम्बईको प्रतिव्यक्ति सम्पत्ति कर १७ अमेरिकी डलर छ भने दिल्लीको ११ अमेरिकी डलर । आर्थिक संरचना र क्रियाकलापमा भिन्नता र प्रशासनिक व्यवस्थामा सुधार लगायतका कारण सम्पत्ति कर संकलनमा उही जनसंख्या हुँदा पनि फरक पर्छ । भौतिक मूल्यमा आएको परिवर्तनसँग करको दरमा परिवर्तन र प्रशासनिक व्यवस्थामा सुधारका कारण मुम्बईमा संकलन बढी भएको हो ।

भारतको पुणे नगरपालिकाको प्रतिव्यक्ति सम्पत्ति कर ४० अमेरिकी डलर (करिब ५ हजार २ सय रुपैयाँ) छ । तर नेपालका महानगरपालिकाहरूको प्रतिव्यक्ति सम्पत्ति करको औसत ५४० रुपैयाँ मात्र छ । स्थानीय तहको भने २८२ रुपैयाँ छ ।

*(साभार: ई-कान्तिपुर)*

# अस्पताल भर्ना हुने अधिकांश कोरोना संक्रमित दीर्घरोगी

काठमाडौं/मंगलबार १०६ जनामा कोरोनाभाइरस (कोभिड-१९) को संक्रमण पुष्टि हुँदा एक जनाको मृत्यु भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांक अनुसार पुसयता कोरोना संक्रमणबाट भएको पहिलो व्यक्तिको मृत्यु हो ।

२८ चैतमा मृत्यु भएका ७८ वर्षका पुरुषले खोप त लगाएका थिए, तर उनी मधुमेहका बिरामी थिए । उनको वीर अस्पतालमा उपचारका क्रममा मंगलबार बिहान मृत्यु भयो । मन्त्रालयका अनुसार संक्रमितको संख्या मात्र होइन, गम्भीर बिरामीको संख्या पनि बढेको छ ।


दुई हप्ता अगाडिसम्म देशभर आईसीयूमा भर्ना हुने संक्रमितको संख्या शून्य थियो । मंगलबार आईसीयूमा १३ र भेन्टिलेटरमा ५ उपचाररत छन् । चिकित्सकका अनुसार खोप नलगाएका र जटिल दीर्घरोग भएका मानिस कोरोना संक्रमणपछि अस्पताल भर्ना गर्नु परेको पाइएको छ ।

हाल वीर अस्पतालमा एचडीयू र आईसीयूमा गरी १० जना कोरोना संक्रमित उपचाररत छन् र सबै ज्येष्ठ नागरिक वा दीर्घरोगी छन् । 'अहिले अस्पताल भर्ना भएका धेरै दीर्घरोगी छन्' वीर अस्पतालका कार्यकारी निर्देशक डा. सन्तोष पौडेलले भने, 'खोप नलगाएका मानिसमा प्रतिरोधात्मक क्षमता कम हुने भएकाले पनि दीर्घरोगी संक्रमित भएको पाइएको छ । केही व्यक्तिले त खोप समेत नलगाएको भेट्टाइएको छ ।'

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका चिफ कन्सल्टेन्ट फिजिसियन डा. विमल शर्मा चालिसे दम, क्यान्सर, मिर्गौला, कलेजो लगायतका समस्यासँग जुधिरहेको दीर्घरोगी भएका बिरामीलाई आईसीयूमा राखेर उपचार गर्नुपरेको बताउँछन् ।

'कतिपय बिरामी जटिल भएपछि अस्पताल आइपुगेका छन् । त्यसमाथि उनीहरूको उमेर सँगै दीर्घरोगका बिरामी भएकाले तत्काल नै आईसीयूमा राख्नुपरेको छ', उनले भने । चिकित्सकका अनुसार कोरोना संक्रमण बढ्न थालेको एकदेखि दुई हप्तापछि बिरामीको संख्या बढ्न सक्छ । अर्थात् आजभोलि अस्पताल भर्ना भएका बिरामी एक-दुई हप्ता अघि संक्रमित भएका हुन् । त्रिवि शिक्षण अस्पतालका कोरोना फोकल पर्सन डा. निरज बम पछिल्ला दिनमा कोरोना संक्रमणको परीक्षण गर्ने, खोप लगाउने र संक्रमित हुने संख्या पनि बढिरहेको बताउँछन् । 'दुई हप्ताअघि अस्पतालमा कुनै केस थिएन । एक हप्ताको बीचमा परीक्षण गराउने र संक्रमित हुने संख्या बढेको छ', उनले थपे ।

सामान्य ज्वरो-खोकी भएका धेरै बिरामी परीक्षणको दायरामा नआएकाले आगामी दिनमा संक्रमणसँगै अस्पताल भर्ना हुने



संख्यामा बढ्ने उनी बताउँछन् । 'अब संक्रमण बढ्दै जाने देखिन्छ । दुई हप्तापछि अस्पतालमा पनि चाप बढ्छ' डा. बमले थपे, 'समयमै चनाखो भएर कोरोना व्यवस्थापनको तयारीमा लाग्नुपर्ने देखिन्छ ।

पाटन अस्पतालमा पनि अहिले साधारण निमोनिया भएका कोरोना संक्रमित भर्ना भएका छन् । अस्पतालका फोकल पर्सन डा. युवराज शर्मा संक्रमण समुदायमा प्रवेश गरेकाले दीर्घरोगी संक्रमित हुन थालेको बताउँछन् ।

'संक्रमण समुदायमा फैलिएकाले घरमा भएका दीर्घरोगी संक्रमित भएको पाइएको छ । संक्रमित भएका युवा घरमै आराम गरेर बसेका छन्' डा. शर्माले भने, 'कोरोनाको संख्या बढ्दै जानुले थप चुनौती थपेको छ । अबको दुई महिना कोरोना संक्रमण बढ्ने आकलन गर्न सकिन्छ ।'

अस्पतालमा भर्ना र मृत्युको जोखिम टार्न नियमित मात्रा कोरोना खोप लिएपछि पनि अतिरिक्त मात्रा (बुस्टर डोज) खोप लगाउनुपर्ने विज्ञहरू बताउँछन् । स्वास्थ्य मन्त्रालयको पछिल्लो तथ्यांक अनुसार पूर्ण खोप लगाउनेको संख्या ८३.१ प्रतिशत छ । तर ३२ प्रतिशतले मात्र बुस्टर डोज लगाएका छन् । अर्थात् लक्षित जनसंख्याको ६८ प्रतिशतले अझै बुस्टर खोप लगाउन बाँकी छ ।

कोरोनाको नयाँ-नयाँ भेरियन्ट फैलिरहेका कारण बुस्टर डोज चाँडोभन्दा चाँडो पाउनु अहिलेको महत्वपूर्ण आवश्यकता हो । नेपालमा दोस्रो मात्रा खोप लगाएको पनि एक वर्ष पार गरिसकेको छ । खोप लगाएको ६ महिना कटेपछि रोग प्रतिरोधात्मक क्षमतामा ह्रास हुँदै गएकाले पनि पुनः अतिरिक्त खोप लगाउन विज्ञ सुझाव दिन्छन् ।

खोप प्रभावकारी साबित भइसकेकाले राज्यले नागरिकलाई खोप लगाउन प्रोत्साहन गर्ने र व्यवस्थापन गर्नुपर्ने बताउँछ जनस्वास्थ्यविद् डा. शरद वन्त । 'सधैंभरि चन्दा मागेको भरमा खोप आउँदैन । त्यसका लागि सरकारले आफैंले लगानी गर्नतर्फ लाग्नुपर्छ' डा. वन्तले थपे, 'कोरोनालाई अन्य खोप कार्यक्रम भएका संरचनाबाट खोप दिने व्यवस्था गर्नुपर्ने देखिन्छ ।'

**सतर्कता पनि अपनाऔं**

कोरोना खोपको पनि प्रभावकारी निश्चित हुने र नयाँ-नयाँ भेरियन्ट आउने भएकाले बुस्टर डोज लगाउनुका साथै सावधानी पनि अपनाउनुपर्ने विज्ञहरूको सुझाव छ ।

कोरोना संक्रमण बढ्दै जाँदा अबको केही दिनमा भर्ना हुने र मृत्युको संख्या बढ्ने संक्रामक रोग विशेषज्ञ डा. प्रभात अधिकारी बताउँछन् । भर्खरै कोरोना समुदायस्तरमा फैलिरहेकाले पनि दुई-तीन हप्तापछि अस्पताल भर्ना हुने दर बढ्ने आकलन गर्न सकिने भन्दै डा. अधिकारीले भने, 'अहिले ज्येष्ठ नागरिक, रोग प्रतिरोधात्मक क्षमता कम भएका मानिसलाई अस्पताल नै भर्ना गर्नुपर्ने जोखिम छ ।'

उनले अगाडि भने, 'खोप लगाएको ६ महिनादेखि एन्टीबडी क्रमशः घट्न थाल्छ । त्यही बीचमा नयाँ भेरियन्ट पनि आएको छ । एन्टीबडी घट्नु र नयाँ भेरियन्ट पनि फैलिंदा पुनः संक्रमण हुने जोखिम उच्च हुन्छ ।' जनस्वास्थ्यविद् डा. वन्त पनि कोरोना प्यान्डेमिक हुँदै इन्डेमिकमा आएकाले मिलेर बस्नुपर्नेको कुनै विकल्प नभएको बताए । 'झाडापखाला वा हैजाको प्रकोप भएको खण्डमा पानी उमालेर खाने, हात धुने जस्ता काम गर्छौं' उनले अघि भने, 'कोरोनाबाट बच्न पनि प्राविधिक तथा सामाजिक प्रावधानको पालना अनिवार्य रूपमा गर्नुपर्छ ।'

सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुन पनि निरन्तर कोरोनाको नयाँ भेरियन्ट देखा परिरहेकाले जनस्वास्थ्यको मापदण्ड पालना गर्नुपर्ने र स्वास्थ्य सतर्कतालाई अवलम्बन नै गर्नुपर्ने बताउँछन् । जोखिममा रहेको वर्गका लागि भने बुस्टर र अन्य वर्गले कम्तीमा अनिवार्य पूर्ण खोप सबैले लगाउनुपर्ने डा. पुनको सुझाव छ । 'सकेसम्म बुस्टर लगाउँदा अझै सुरक्षित बनाउँछ । तर दुई मात्रा खोपले पनि सुरक्षित भएको देखाएको छ' डा. पुनले भने, 'अहिलेको अवस्थालाई मध्यनजर गर्दै खोपको विकल्पको रूपमा जनस्वास्थ्य मापदण्डका कुराहरूले संक्रमणलाई फैलिन नदिएको पुष्टि हुन्छ ।'

फ्लू र कोभिडको लक्षण उस्तै-उस्तै हुनेभएकाले परीक्षण गराउन पनि उनले सुझाव दिए । साबुनपानीले हात धुने, मास्क लगाउने जस्ता सावधानीका उपाय अपनाउँदा कोरोनाका साथै अरू रोगका लागि पनि सुरक्षित हुने भएकाले सदैव अपनाउनुपर्ने उनले बताए ।

**बुस्टर खोप कहिलेसम्म लगाइरहने ?**

खोपसम्बन्धी जानकारीहरू अझै पनि स्पष्ट नभएकाले खोप कहिलेसम्म लगाइरहने यकिन गर्न नसकिने जनस्वास्थ्यविद्को तर्क छ । 'अहिलेसम्म बुस्टर डोज लगाउँदा पनि कति समयसम्म सुरक्षा दिन्छ भनेर प्रमाणित भएको छैन । कतिपय मानिसले चौथो डोज समेत लगाइसकेका छन्' डा. वन्तले भन्छन्, 'अहिलेसम्म आइपुग्दा तेस्रो, चौथो डोज लगाउँदा कति समय सुरक्षित हुन्छ भन्ने कुरा विज्ञानले स्थापित गर्न सकेको छैन ।' खोप विज्ञ डा. श्यामराज उप्रेती पनि खोप लगाएको ६ महिनापछि विस्तारै प्रतिरोधी एन्टीबडी घट्दै जाने भएकाले थप अतिरिक्त खोप प्रभावकारी हुने बताउँछन् ।

'अहिले अतिरिक्त मात्रा खोप लगाउन मानिसहरूको रुचि पनि कम देखिएको छ । आगामी दिनमा कोरोना पनि इन्फ्लुएन्जा जस्तै गरी फ्लु सरहको रूपमा देखिने आकलन गर्न सकिएको छ । त्यसै अनुसारको उपचारतर्फ लाग्नुपर्छ' डा. उप्रेतीले भने, 'कतिपटक खोप लगाउँदा सुरक्षित रहन सकिन्छ भनेर ठ्याक्कै भन्न सकिने अवस्था छैन ।'

खोपले संक्रमण पूर्ण रूपमा रोक्न नसके पनि त्यसले मृत्यु र गम्भीर प्रकारका बिरामी हुने अवस्थाबाट जोगाउने डा. उप्रेती बताउँछन् । ज्येष्ठ नागरिक तथा गम्भीर खालका अन्य रोग भएका व्यक्तिलाई कोरोना भएको अवस्थामा कडा खालको 'निमोनिया' नहोस् भन्नका लागि बुस्टर खोप लगाउन उनी सुझाव दिन्छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पनि उच्च प्राथमिकतामा परेका समूहमा वृद्धवृद्धा र मधुमेह, क्यान्सर, मुटुसम्बन्धी गम्भीर प्रकारका रोग लागेका व्यक्तिलाई अतिरिक्त खोपका लागि प्राथमिकतामा राखेको छ ।

**भण्डारमा कति छ खोप ?**

कोरोना संक्रमण विस्तार हुँदा नेपालको भण्डारमा खोप रित्तिँदै गएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले शनिबार प्रेस विज्ञप्ति जारी गर्दै ओमिक्रोनको सब-भेरियन्ट एक्सबीबी.१.१६ नेपालमा पनि फैलिने जोखिम रहेकाले अनिवार्य रूपमा 'बुस्टर' डोज लगाउन आग्रह गरेको छ ।

तर स्वास्थ्य सेवा विभाग अन्तर्गतको व्यवस्थापन महाशाखा (केन्द्रीय स्टोर) मा जम्मा ८ लाख खोप मात्रै 'स्टक' मा छ । स्वास्थ्य सेवा विभागको आपूर्ति व्यवस्थापन शाखा प्रमुख डा. सुरेन्द्र चौरसियाका अनुसार फाइजर बाइभ्यालेन्ट खोप बुस्टरका रूपमा प्रदेश र स्थानीय तहहरूमा दिइएको छ ।

पछिल्लो पटक कोभ्याक्स सुविधामार्फत ल्याइएको ३० लाखमध्ये २२ लाख डोज मात्र प्रयोग भएको छ । 'अहिले हामीसँग आठ लाख खोप 'स्टक'मा रहेको छ । कोरोना संक्रमण बढिरहेकाले पनि थप खोप ल्याउने तयारीमा जुटेका छौं', डा. चौरसियाले भने । केन्द्रीय कोल्डचेन टेकुमा भने ४० लाख सिनोभ्याक खोप लगाउन नमिल्ने गरी थन्किएर बसेको छ ।

सिनोभ्याक खोप पहिलो डोजको रूपमा मात्रै प्रयोग गर्न मिल्ने भएकाले अहिले भएको खोप खाल्डोमै हाल्नुपर्ने अवस्था आएको मन्त्रालयका अधिकारी बताउँछन् । यो खोप चीन सरकारले नेपाललाई सहयोगस्वरूप निःशुल्क उपलब्ध गराएको थियो । 'स्टकमा रहेको ४० लाख डोज खोपको उपभोग म्याद डिसेम्बर २०२३ सम्म छ । अब यसलाई के गर्ने भन्नेबारे स्वास्थ्य मन्त्रालयकै तहबाट निर्णय हुनुपर्ने देखिएको छ', उनले भने ।

संक्रामक रोग विशेषज्ञ डा. प्रभात अधिकारीका अनुसार पुरानो लगाएका खोप प्रभावकारी हुन नसक्दा नयाँ-नयाँ भेरियन्ट फैलिएको छ । 'डेल्टा भन्दा चाँडो ओमिक्रोन फैलियो । अहिले ओमिक्रोनका सब-भेरियन्ट बढी संक्रामक देखिएका छन् । अहिले पहिला प्रयोग भएका खोपको प्रभावकारिता कम रहेको पाइएको छ । त्यसकारण पनि बढी प्रभावकारी मानिएको खोप ल्याउन सरकारले पहल गर्नुपर्छ', उनी भन्छन् ।

सरकारले 'बुस्टर डोज' खोप ल्याउँदा ओमिक्रोन भेरियन्टमा प्रभावकारी देखिएको भ्याक्सिन छान्नुपर्ने उनको भनाइ छ । 'बुस्टर डोज दिने भनेर भेरोसेल भ्याक्सिन छानियो भने त्यो प्रभावकारी हुन्न, त्यसैले फैलिरहेको ओमिक्रोनका लागि भनेर बनाइएको फाइजरको (बाइभलेन्ट) 'बुस्टर डोज' को प्रयोग गर्दा बढी प्रभावकारी हुन्छ', उनी भन्छन् ।

स्वास्थ्य मन्त्रालयले दुई डोज खोप लगाएको तीन महिनापछि बुस्टर र पहिलो बुस्टर लगाएको ६ महिनापछि दोस्रो अर्थात् थप बुस्टर खोप लगाउन आग्रह गर्दै आएको छ । यस्तै, कोरोना संक्रमणमुक्त भएको एक महिनापछि बुस्टर डोज खोप लगाउन मिल्छ । बुस्टर लगाउनेको संख्या हेरेर थप खोप ल्याउने योजना छ । बुस्टर डोजका रूपमा लगाउन मिल्ने फाइजर खोप कोभ्याक्स सुविधामार्फत ल्याउन पहल भइरहेको डा. चौरसियाले बताए ।

*(स्रोत: अनलाइनखबर)*

# संघीय निजामती विधेयकमा विभेद भएको भन्दै आन्दोलन

काठमाडौं/१९ चैतमा गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री अमनलाल मोदी र सचिव कृष्णहरि पुष्करलाई नासुको आँसु नदेख्ने भन्दै एसएमएस गरेका राजपत्र अनंकित कर्मचारीले मंगलबार माइतीघरमा भेला भएर प्रदर्शन नै गरे ।

सरकारले संघीय निजामती विधेयकलाई अन्तिम रुप दिएर संसदमा दर्ता गर्ने तयारी गरिरहेका बेला नायब सुब्बा, खरिदारलगायत राजपत्र अनंकित कर्मचारीले १५ बुँदे माग राखेर आन्दोलन थालेका छन् । 'निजामती कर्मचारी स्वतन्त्र अभियान' नाममा मंगलबार भएको प्रदर्शन त्यही आन्दोलनको रुप हो । अभियानका संयोजक पशुपति पोखरलेका अनुसार राजपत्रअनंकित कर्मचारीहरुलाई विभेद गर्नेगरी मस्यौदा तयार भएकाले आन्दोलन सुरु भएको हो ।

राजपत्रांकित तृतीय श्रेणी शाखा अधिकृत तहको पदपुर्तिमा ५० प्रतिशत खुल्ला, ४० प्रतिशत बढुवा र १० प्रतिशत आन्तरिक प्रतिस्पर्धाको व्यवस्था गर्न तल्ला तहका कर्मचारीले माग गरेका छन् । उक्त विधेयकको हाल सार्वजनिक मस्यौदामा खुलाबाट ७०, बढुवाबाट २० र आन्तरिक प्रतिस्पर्धाबाट १० प्रतिशत पदपूर्ति गर्ने व्यवस्था छ । कर्मचारीले भने खुलाबाट हुने पदपूर्ति घटाएर बढुवाको प्रतिशत बढाउनुपर्ने माग गरेका छन् । अहिले लागु भइरहेको निजामती सेवा ऐन २०४९ अनुसार शाखा अधिकृत पदमा ३० प्रतिशत बढुवा र ७० प्रतिशत खुल्लाबाट पदपुर्ति हुँदै आएको छ । यस्तै संघीय निजामती सेवा ऐन निर्माणका क्रममा सहसचिव र उपसचिव पदमा तल्लो तहका कर्मचारीलाई पनि योग्यता र सेवा अवधिका आधारमा प्रतिस्पर्धा गर्न दिनुपर्ने आन्दोलनमा सहभागी कर्मचारीको माग छ ।

'तोकिएको सेवा अवधि र शैक्षिक योग्यता भएका राजपत्र अनंकित कर्मचारीलाई सहसचिव (एघारौं) र उपसचिव (नवौं तह)को खुल्ला प्रतिस्पर्धामा सहभागी हुन पाउने कानुनी ब्यवस्था होस्' स्वतन्त्र निजामती कर्मचारी अभियानले राखेको मागमा भनिएको छ ।

संघीय निजामती सेवा विधेयकको हाल सार्वजनिक मस्यौदामा सहसचिव र उपसचिवमा प्रतिस्पर्धा गर्न सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको र संघीय निजामती सेवा, प्रदेश निजामती सेवा, स्थानीय सेवा वा अन्य कुनै सरकारी सेवा वा संगठित संस्था वा अन्तर्राष्ट्रिय अन्तर सरकारी संस्थाको अधिकृतस्तरको पदमा कार्यरत हुनुपर्ने उल्लेख छ । त्यस्ता व्यक्तिले उपसचिव पदमा प्रतिस्पर्धा गर्न पाँच वर्ष र सहसचिव पदमा प्रतिस्पर्धा गर्न ७ वर्ष अनुभव प्राप्त गरेको हुनुपर्ने व्यवस्था मस्यौदामा छ ।

निजामती सेवा ऐन २०४९ मा भने सहसचिव र उपसचिवमा १० प्रतिशत खुला ३५ प्रतिशत कार्यसम्पादन मूल्यांकन, २० प्रतिशत आन्तरिक र ३५ प्रतिशत ज्येष्ठता र कार्यसम्पादन मुल्यांकनबाट पदपुर्ति हुने व्यवस्था छ । नयाँ कानुन बन्न लागेका बेला राजपत्र अनंकित कर्मचारीहरुले आफूहरुका लागि पनि उपसचिव र सहसचिव प्रतिस्पर्धाको ढोका खोल्न दबाव बढाएका हुन् । सरकारले संघीय निजामती सेवा ऐनमा समावेश गर्न खोजेका केही प्रावधानहरु कर्मचारीहरुको वृत्ति विकासका लागि वाधक भएको नेपाल निजामती कर्मचारी युनियनका सचिव प्रकाश भट्टराईले जनाए । उनले भने, 'संघीय निजामती सेवा ऐन केवल संघीय सरकारको कर्मचारी प्रशासन सञ्चालनको आधार मात्र नभएर प्रदेश निजामती सेवा र स्थानीय सेवा सञ्चालनको लागि बनाइने ऐन, कानुन र नीति निर्माणको प्रमुख आधार हो । कर्मचारीको मनोवल कमजोर बनाउने गरी ल्याउन खोजिएको ऐनले नेपालको निजामती प्रशासनलाई गतिहीन बनाउँछ ।'

**सूचना ! सूचना ! सूचना !**

मकवानपुर जिल्ला मनहरी गाउँपालिका वडा नं. ८ सिमपानीमा संचालनमा रहेको दुर्गा लक्ष्मी एग्रिगेट्स प्रा.लि. (हाल बालुवा उद्योग संचालनमा रहेको)मा उक्त उद्योगले व्यवसाय थप गर्ने र सोही स्थानमा क्रसर उद्योग संचालन गर्न र उद्योग दर्ता प्रक्रियाका लागि काम कारबाही अगाडि बढाउने भएकोले सो स्थानमा क्रसर उद्योग संचालन गर्दा कोही कसैलाई हामी नोक्सानी वातावरणीय असर र अन्य कुनैपनि किसिमका नकारात्मक परिस्थिति श्रृजना हुने भएमा/देखिएमा सम्बन्धि व्यक्ति/संस्थाले मनहरी गाउँपालिका वडा नं. ८ को वडा कार्यालयमा आजको मितिले १५ दिन भित्र निवेदन दिनुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**दुर्गा लक्ष्मी एग्रिगेट प्रा.लि.**

मनहरी-८, सिमपानी

# अब बैशाख १५ मा 'प्रसाद २' प्रदर्शन हुने

काठमाडौं/फिल्म 'प्रसाद २'का लागि २०७९ साल सुखद रहेन । कलाकारदेखि निर्देशकसम्म हेरफेर, छायांकनको क्रममा लफडा, रिलिजको मुखमा निर्माता सुभाष थापाविरुद्ध प्रहरीदेखि फिल्म सम्बद्ध संघ-संस्थामा जाहेरी, निर्माता थापाविरुद्ध बैंकिङ कसूरको मुद्धामा पक्राउ पुर्जी जारी, उच्च अदालत पाटनद्वारा तत्काललाई फिल्म रिलिज नगर्न आदेश आदि घटनाले फिल्म झमेलै झमेलामा फस्यो ।

अब 'प्रसाद २' आगामी वर्ष प्रदर्शन हुने भएको छ । आइतबार उच्च अदालत पाटनले फिल्म प्रदर्शनका लागि बाटो खुल्ला गरेपछि मंगलबार निर्माण टिमले आगामी बैशाख १५ गतेलाई नयाँ प्रदर्शन मिति घोषणा गरेको हो । अब देश तथा विदेशमा फिल्म एकसाथ प्रदर्शन हुने निर्देशक सुदर्शन थापाले जानकारी दिएका छन् । फिल्म उत्कृष्ट बनेकाले दर्शकलाई मनपर्नेमा सुदर्शन विश्वस्त छन् ।




फिल्ममा विपिन कार्की, केकी अधिकारी, अर्पण थापा, महेश त्रिपाठी, कमलमणि नेपाल, प्रकाश घिमिरे, विशाल पहाडीलगायतको अभिनय छ । सुभाष थापाको प्रस्तुति रहेको फिल्मका निर्माता सुदर्शन बस्नेत हुन् । सुशील पौडेलले फिल्मको कथा लेखेका हुन् । सुपरहिट फिल्मको सिक्वेल भएकाले 'प्रसाद २'प्रति दर्शकको अपेक्षा र चासो उच्च छ । फिल्मले सुखद कमाई गर्न सक्ने देखिन्छ ।

# 'नाईं नभन्नू ल ६'ले किन मैदान छाड्यो ?

काठमाडौं/आगामी बैशाख १ गतेलाई प्रदर्शन मिति घोषणा गरेका चार फिल्ममध्ये 'नाईं नभन्नू ल ६' अन्तिम घडीमा आएर पोस्टपोन्ड भएको छ । यो फिल्मले मैदान छोड्दा नयाँ वर्षका 'बुलाकी', 'जारी' र 'बिहे पास'लाई धेरै ठूलो राहत मिलेको छ । 'नाईं नभन्नू ल ६' अब आगामी बैशाख १५ गतेबाट प्रदर्शनमा आउने सम्भावना प्रवल छ । तर, निर्माण पक्षले नयाँ प्रदर्शन मिति घोषणा गरिसकेको छैन ।

फिल्मका निर्मातामध्ये एक सञ्जय न्यौपानेविरुद्ध चलचित्र विकास बोर्डमा जाहेरी परेका कारण बोर्डले सेन्सर सिफारिसको प्रक्रिया अगाडि नबढाएपछि फिल्मलाई निर्धारित मितिमा प्रदर्शन गर्न नसकिएको निर्देशक विरासराज अचार्यले जानकारी गराएका छन् । तर, उनको कुरामा सत्यता देखिन्न । बोर्डले चैत २८ गते फिल्मको सेन्सरका लागि सिफारिस गरेको पत्र सार्वजनिक भैसकेको छ ।

मल्टीप्लेक्सहरुमा राम्रो शो नपाउने देखेपछि निर्देशक आचार्यले तत्काललाई फिल्म प्रदर्शनको जोखिम उठाउन नचाहेको देखिन्छ । किनकि, मल्टीप्लेक्सहरुले शो बाँडफाँडमा 'जारी'लाई प्राथमिकतामा राखेका छन् । 'नाईं नभन्नू ल ६' न्यून शोमा खुम्चनु पर्ने र एक हप्ताअघिसम्म छायांकन भैरहेकाले प्राविधिक काम पनि र म्रोसँग नभ्याइनु फिल्मको प्रदर्शन स्थगित हुनुको मुख्य कारण हो ।



फिल्मलाई निर्देशक आचार्य, सामीप्यराज तिमल्सिना र अरुणदेव जोशीले लेखेका हुन् । भुपेन्द्र रायमाझी, बसन्त सापकोटा र शरद शंकरको संगीत रहेको फिल्ममा आशिर्वाद क्षेत्री, आँचल शर्मा, केकी अधिकारी, प्रियंका कार्की, सरोज खनाल, खड्ग बहादुर पुन (खबपु), निखिल उप्रेती र सञ्चिता लुइँटेलका छोरा अथर्व, योगिशा खत्रीलगायतको अभिनय छ । आशिर्वादको यो डेब्यू फिल्म हो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

**"तपाई हामी सबैको कुरा"**


साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

**साझाकुरा**
राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

# अन्तर्राष्ट्रिय फुटबलमा करिअरकै पहिलो ह्याट्रिक गरेका अञ्जन

साझाकुरा संवाददाता

हेटौंडा, २८ चैत/हेटौंडेली अञ्जन विष्ट नेपाली फुटबलका युवा स्टार खेलाडी हुन् । अहिलेका मुख्य फरवार्ड । तर, प्रधानमन्त्री थ्री नेसन्स कपमा घाइते भएका कारण उनले राम्रो खेल्न सकेनन् ।

यस वर्ष भने अञ्जनले ह्याट्रिकसहित चार गोल गरेका छन् । यस वर्ष सर्वाधिक चर्चा कमाएका खेलाडीमध्ये अञ्जन पनि एक हुन् । आफ्नो खेल कौशल देखाएका अञ्जनले उमेर समूह हुँदै राष्ट्रिय टिममा परेदेखि राम्रो छाप छोड्दै आएका छन् । २०७९ असोजमा नेपालले अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमा बंगलादेशलाई ३-१ को गोलअन्तरले पराजित गर्दा नायक अञ्जन विष्ट बने । कारण उनले ह्याट्रिक गोल गरेका थिए । १८ औं मिनेटमा अञ्जनले विमल घर्तीमगरको फ्रिकिकमा हेडर गोल गरे । खेलको २७औं र ३८औं मिनेटमा गोल गरेसँगै अञ्जनले आफ्नो अन्तर्राष्ट्रिय फुटबलमा करिअरकै पहिलो ह्याट्रिक गरे ।

त्यसपछि कार्तिकमा दशरथ रंगशालामै भएको मैत्रीपूर्ण फुटबलमा पाकिस्तानविरुद्ध नेपालले १-० को जित निकाल्दा पनि अञ्जनले नै गोल गरेका थिए । उनले खेलको ८३औं मिनेटमा गोल गरेका थिए । अञ्जन विष्टले २०१४ मा फिलिपिन्स विरुद्धको खेलमा डेब्यु गरे । त्यो खेलमा सन्दीप राईको स्थानमा खेलको ६१औं मिनेटमा मैदानमा प्रवेश गर्दै अञ्जनले डेब्यु गरेका थिए । उनले ५३ खेलबाट ११ गोल गरिसकेका छन् ।

नेपालबाट हरि खड्का र निराजन रायमाझीले समान १३-१३ गोल गरेका छन् । यो नै नेपाली खेलाडीले अन्तर्राष्ट्रिय खेलमा गरेको सर्वाधिक गोल हो । यसपछि पूर्वराष्ट्रिय खेलाडी जुमानु राई र अहिलेका अञ्जन विष्टले समान ११-११ गोल गरेका छन् । अञ्जन सर्वाधिक गोलकर्ताको कीर्तिमान बनाउने लक्ष्यमा छन् । अञ्जन हेटौंडामा जन्मिएर यहाँका स्थानीय मैदानमा फुटबल खेलेर उमेर समूह हुँदै राष्ट्रिय टोलीमा परेका थिए । हेटौंडा फुटबलर उत्पादनको लागि उर्वर भूमिका रुपमा चिनिन्छ । ए डिभिजन लिगमा मात्रै मकवानपुरका २० जना खेलाडी विभिन्न क्लबबाट प्रतिस्पर्धा गरिरहेका छन् ।

# राक्सिराङमा ट्याक्टरको ट्रेलरबाट खसेर मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २८ चैत/ जिल्लाको विकट राक्सिराङ गाउँपालिकामा ट्याक्टरको ट्रेलरबाट खसेर एकजनाको मृत्यु भएको छ ।

दुर्घटनामा राक्सिराङ गाउँपालिका-६ का ३३ वर्षीय काजीमान प्रजाको मृत्यु भएको प्रहरीले जनाएको छ । चितवनको राप्ती नगर पालिका-६ थाकलटारबाट राक्सिराङ गाउँपालिका-६ तर्फ सिमेन्ट लोड गरी जाने क्रममा रहेको ना ६ त ५११८ नम्बरको ट्याक्टरको ट्रेलरमा चढेको काजीमान अकस्मात लडी गम्भीर घाइते भएका थिए । उनलाई उपचारका लागि चितवनको पुरानो मेडिकल लगिएपनि सोमबार बिहान चिकित्सकले मृत घोषित गरेको इलाका प्रहरी कार्यालय मनहरीले जानकारी दिएको छ ।

# खानेपानी बोर्डलाई १८६ धारा हस्तान्तरण

साझाकुरा संवाददाता

हेटौंडा, २८ चैत/हेटौंडा खानेपानी व्यवस्थापन बोर्डमा उपभोक्ता समितिमार्फत् रहेका धाराहरु क्रमश: हस्तान्तरण हुन थालेका छन् । उपभोक्ता समितिमार्फत् रहेका धाराहरु धमाधम हस्तान्तरण भइरहेको बोर्डका सूचना अधिकारी सञ्जय न्यौपानेले जानकारी दिए ।

मंगलबार हेटौंडा-१८, हर्नामाडीस्थित ठूलोदमारमा रहेको हर्नामाडी डीप बोरिङ खानेपानी तथा सरसफाई उपभोक्ता समितिअन्तर्गत्का १८६ धारा बोर्ड मातहत हस्तान्तरण गरिएको छ । उपभोक्ता समिति अध्यक्ष रामकृष्ण बानियाँले बोर्ड अध्यक्ष प्रताप विष्टलाई सम्पूर्ण कागजात हस्तान्तरण गरेका थिए । हस्तान्तरण कार्यक्रममा हेटौंडामा उपमहानगरपालिका उपप्रमुख राजेश बानियाँ, वडाअध्यक्ष अनिलकुमार बानियाँ, पूर्वगाविस अध्यक्ष शिवबहादुर रिजाल, बोर्ड सदस्य इन्द्रप्रसाद नेपाल, बोर्ड कार्यकारी निर्देशक विष्णुप्रसाद सापकोटा तथा हर्नामाडी सहलगानी खानेपानी समिति अध्यक्ष केशव पण्डितलगायत उपस्थित थिए ।

बोर्ड मातहत आएसँगै स्थानीयले न्यूनतम पानी महसुलमा छुट प्राप्त गर्नुका साथै धारा जडान शुल्कमा सहुलियत प्राप्त गर्नेछन् । हाल उपभोक्ता समितिमार्फत् धारा जडान गर्दा १० हजार रुपैयाँ तिर्दै आएका उपभोक्ताले अब ३८ सय ५० रुपैयाँ तिर्नुपर्ने हुन्छ । 'अब उपमहानगरपालिकाले तोके अनुसारको न्यूनतम महसुल यसै महिनाबाट छुट गर्ने व्यवस्था मिलाउने छौं', बोर्ड अध्यक्ष विष्टका अनुसार मासिक दशहजार लिटरसम्म पानी नगरका उपभोक्ताले नि:शुल्क प्राप्त गरिरहेका छन् । नगरमा रहेका उपभोक्ता समितिलाई विस्तारै बोर्डअन्तर्गत् ल्याउन छलफल भइरहेको उनले बताए ।

सूचना अधिकारी न्यौपानेका अनुसार चालु आर्थिक वर्षमा हेटौंडा-१०, न्यूरेनीमा रहेको उपभोक्ता समितिको १५० धारा बोर्डमार्फत् आइसकेको छ । हेटौंडा-१४, बनेलधापमा रहेको २ लाख ५० हजार लिटर क्षमताको पानी ट्यांकी समेत बोर्डलाई हेटौंडा उपमहानगरपालिकाले हस्तान्तरण गरिसकेको छ ।

हेटौंडा-१३, पदमपोखरी स्थित ठूलोथली खानेपानी तथा उपभोक्ता समितिमार्फत्का एक हजार भन्दा बढी धारा बोर्ड मातहत चालु आर्थिक वर्षमै हस्तान्तरण हुने क्रममा रहेका छन् । हेटौंडा-१८, हर्नामाडीमा रहेको सहलगानी, भौडी खानेपानी र बुदुने, हेटौंडा-३, बसामाडीको मिलन टोल तथा हेटौंडा-६, कल्याणटारस्थित खानेपानी उपभोक्ता समिति बोर्ड मातहत आउने क्रममा रहेको छ । 'यस आर्थिक वर्षमा २२ सयभन्दा बढी धाराहरु बोर्डमा आउँनेछन् ', न्यौपानेले भने ।

बोर्डले हाल २३ हजार २७० धारामार्फत् नगरबासीलाई पानी वितरण गरिरहेको छ । दैनिक १ करोड ८५ लाख लिटर पानी बोर्डले वितरण गर्ने गरेको छ ।



कृषि उत्पादनमा प्रचुर सम्भावना बोकेको मकवानपुरगढी गाउँपालिकाको एक कृषकले बदाम खेती सुरु गरेका छन् । बदाम रोप्दै महिला कृषकहरु । गाउँपालिकाको कृषि शाखा प्रमुख चन्द्रकान्त चौधरीका अनुसार स्थानीय कृषक मानबहादुर श्रेष्ठले १० कठ्ठा खेतमा बदाम खेती रोपेका हुन् । *तस्बिर: साझाकुरा ।*

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"
आधुनिक सुन चाँदी पसल
हेटौंडा-२, पुरानो मकवानपुर रोड

हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।
प्रो. राजु सेन्चुरी
सम्पर्क नं. : ९८४५५३०५६३, ९८१५२२४३४३

कपडाहरुको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्
कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।


कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।
मेरिना ड्राई क्लिनिङ्ग स्पोट
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞कार वास भित्र/बाहिर

☞वाइरिङ मर्मत
☞A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

Education is the real treasure
ADMISSIONS OPEN FOR 2080
From Nursery to Grade 9

www.admission.hetaudaacademy.edu.np
APPLY NOW
Scholarship Test 4 Baisakh 2079 11:00AM
Scholarships
a feature of socially responsible institution....
Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+Seats
Rup Chandra Bista " Thaha" Memorial Scholarship based on Students' Talent 108+Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+Seats
HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np
ANDROID APP ON Google play
Available on the App Store

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना